# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## प्रदेश नं. २, नेपाल

लालबन्दी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालबन्दी, सर्लाही प्रदेश नं. २, नेपाल

मिति : २०७६/१२/१५

## निर्णय कार्यान्वयन गर्ने/ गराउने बारे सूचना।

लालबन्दी नगरपालिकामा मिति २०७६/१२/१५ गते बसेको COVID-19 विरुद्धको स्थानीय समन्वय समिति, उद्योग बाणिज्य संघ, लालबन्दी ईलाका प्रहरी कार्यालय, लालबन्दीको संयुक्त छलफलबाट संकटग्रस्त हुदै गएको हालको अवस्थालाई मध्यनजर गर्दै थप सुरक्षित र सहज वातावरण सृजना गर्न तपसील बमोजिमको निर्णयहरू भएकोले सोको कार्यान्वियन गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसील :**

१. सम्पूर्ण वडाका वडा अध्यक्ष र वडा सदस्यहरू आफ्नो वडामा सक्रिय भई भारत लगायतको विदेशी भूमिबाट विगत २० दिन यता प्रवेश गरेका र प्रवेश गर्ने व्यक्तिहरूको लगत तयार गरी नगरपालिकाको अनुगमन टोलिलाई सुसूचित गराउने र होम क्वारेन्टाईनमा बसेका र बस्नु पर्ने व्यक्तिहरूलाई सकारात्मक उत्प्रेरणा प्रदान गरी आफ्नो वडामा हुने अन्य क्रियाकलापमा ध्यान दिने । साथै वडा भित्रका अनौपचारिक क्षेत्रहरू ईटाभट्टा, गलैंचा कारखाना, निर्माण कन्स्ट्रक्सन आदिमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरू र अन्य सामान्य मजदुरी गरी जीवन यापन गर्ने परिवारको लगत राखी हालको अवस्थाको बारेमा जानकारी लिंदै जिवनयापन सहज र सुरक्षित बनाउन आवश्यक समन्वय गर्ने र थप आवश्यकताको महसूस भए नगरपालिका समक्ष अनुरोध गर्ने।

२. ताजा तरकारी र फलफुल विक्री वितरणको लागि चैत्र १६ गते देखि नवलपुर बजार, नवलपुर र लालबन्दीको साभा संस्थाको खालि जग्गा र कृषि विकास बैंकको हाल लाग्दै आएको तरकारी बजारको जग्गामा उद्योग बाणिज्य संघ, लालबन्दी र ईलाका प्रहरी कार्यालय, लालबन्दीको समन्वयमा प्रत्येक दिन मध्यान्ह १२ बजे देखि दिउँसो ०३ बजेसम्म भिडभाड नहुने गरी सुरक्षित तबरले प्रति पसलको दुरी ५ मिटर र ग्राहकको दुरी २ मिटर कायम हुने गरी रेखांकन गर्दै हात धुने, स्यानिटाईजर प्रयोग गर्ने र मास्क लगाउने अनिवार्य व्यवस्था सहित विक्री वितरणको व्यवस्था मिलाउने र अन्य वडाहरूको लागि वडा अध्यक्षको समन्वयमा खालि जग्गाको पहिचान गरी निर्धारित दूरि र सुरक्षाको व्यवस्थापन गर्दै उल्लेखित समयमा विक्री वितरण गर्ने व्यवस्था मिलाउने।

३. दैनिक रूपमा पर्न सक्ने खाद्य संकटको सहजताको लागि उद्योग बाणिज्य संघ, लालबन्दीको समन्वयमा लालबन्दी नगरपालिका अन्तर्गतका होलसेल व्यापारिहरूले होलसेल दरभाउमा खुद्रा व्यापारीहरूलाई मात्र ढुवानी व्यवस्थापन गरी माथि उल्लेखित समय, दुरी र सुरक्षाका तरिका अवलम्बन गर्दै सामान उपलब्ध गराउने र खुद्रा खाद्यान्न तथा किराना पसलहरूले उल्लेखित समयमै अनिवार्य हात धुने व्यवस्था सहित मास्क लगाउने र दुरीको रेखांकन गर्दै साविकको दररेटमै सामान विक्री वितरण गर्ने तथा वडा अध्यक्षहरूले आ-आफ्नो वडाको व्यापार व्यवसायको लगत संकलन गरी व्यापारीहरूलाई सामान उपलब्ध गराउन सहजीकरण गराउने व्यवस्था मिलाउने ।

४. तोकिएको समय भन्दा अघिपछि, सुरक्षाका उपाय अवलम्बन नगरी र उचित दरभाउ भन्दा बढी मूल्य लिएको पाईएमा नगर अनुगमन समितिले आवश्यक कारवाही गर्ने ।

५. घरायसी फोहरमैला व्यवस्थापनको लागि साभेदार संस्थाले प्रहरी प्रशासनलाई जानकारी गराउँदै दैनिक रूपमा सुरक्षित तबरले फोहरमैलाको व्यवस्थापन गर्ने ।

बासुदेव तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत